# मार्मा गाउँपालिकाको
# आ.ब. २०७७।०७८ को लागि
# नीति, कार्यक्रम तथा बजेट
# २०७७

जमन सिंह धामी
अध्यक्ष
मार्मा गाउँपालिका

यस सातौँ गाउँसभाको नीति तथा कार्यक्रम सार्बजनिकरण सत्रमा उपस्थित मार्मा गाउँपालिका उपाध्यक्षज्यू, मार्मा गाँउपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यु, गाउँ सभाका सदस्यज्यू, सुरक्षा निकायका प्रमुख, राजनीतीक दलका प्रतिनिधिज्यूहरु, भुतपुर्व जनप्रतिनिधिज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु, सल्लाहकार, सञ्चारकर्मी, कर्मचारी लगायत सम्पुर्ण मार्मा वासी आदरणीय आमावुवा, दाजुभाई तथा दिदिवहिनिहरु,

यस गाउँपालिकाको आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाँउदा म गौरवान्वित भएको छु। साथै गत बिगत जस्तै ठुलो भेला तथा सबै सामु कार्यक्रम गर्न बिश्वमा महामारीको रुपमा रहेको कोभिड १९ ले गर्दा पर्न गएको असरले प्रस्तुत गर्न नपाउँदा दुखी पनि भएको छु। कोभिड १९ रोगबाट संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभ कामना गर्दे कोभिड १९ रोगको रोकथाम तथा नियन्त्रण गर्ने प्रक्रियामा सरकारले लिने नीतिगत निर्णयको हामी सबैबाट परिपालना भई रहनेछ भन्ने कुरामा विश्वस्त छु र भौतिक दुरी कायम गर्दे आफु सुरक्षित रहने र अरुलाई पनि सुरक्षित राख्न हार्दिक अनुरोध गर्दछु।

स्थानीय सरकार, नेपाली जनताको त्याग वलिदान र लामो संघर्षको उपलव्धी हो। वलिदानीपुर्ण संघर्षवाट प्राप्त र ऐतिहासिक संविधानसभावाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहको अधिकारहरुलाई अभ्यास गर्ने अभियान वढिरहेको छ। यस अवसरमा लोकतन्त्रीक गणतन्त्र प्राप्तीको लागी लामो संघर्ष एवं जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनु हुने सम्पुर्ण ज्ञात अज्ञात अमर शहिदहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै विभिन्न आन्दोलनका क्रममा घाइते वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु। राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सवै अग्रजहरुप्रति आभार प्रकट गर्दछु।

हामी एक स्वाधिन र सार्वभौमसत्ता सम्पन्न मुलुकका नागरिक हौं। प्राकृतिक भु–बनोट र आर्थिक पछौटेपनको कारणले हाम्रो वर्तमान जटिल एवं चुनौतीपुर्ण भएतापनि भविष्य उज्वल र सम्भावना युक्त छ। नेपालमा संघीय लोकतन्त्र सहितको गणतन्त्रात्मक शासन प्रणाली स्थापनार्थ विभिन्न कालखण्डमा नेपाली जनताले गरेको त्यागले सिर्जित वर्तमान अवसरलाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरि जनचाहना पुरा गर्ने अबको हाम्रो वाटो भनेकै चुनौतीका बिच पनि तिब्र आर्थिक विकास गर्ने हो। आत्मनिर्भर र स्वाधिन अर्थतन्त्र निर्माण गर्ने स्वस्थ्य प्रतिस्प्रधात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान विन्दु हो। समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो। परिवर्तनलाई संस्थागत गरी विकास आर्थिक समृद्धिलाई आत्मसात गर्ने वर्तमान परिप्रेक्षमा प्रत्यक्ष र परोक्ष रुपमा कुशल भुमिका निर्वाह गर्नु हुने मार्मा गाउँपालिकावासीहरु र अन्य सवै सुवेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

मार्मा गाउँपालिका लोकतन्त्रका आधारभुत मुल्यमान्यता, मानवअधिकार, सामाजिक न्याय, सहकार्य सहअस्तित्व र समन्वयको सिद्दान्तलाई आत्मासात गर्दै विधिको शासन प्रति पूर्ण प्रतिवद्ध छ। लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा गाउँपालिका हरपल प्रयत्नशील रहेकोछ। शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभुति सम्पुर्ण मार्माबासीले गर्न सकुन भन्नेमा म अत्यन्त सचेत छु।

गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक विविधता तथा सांस्कृतिक एकतालाई आत्मासात गर्दै सन्तुलित र समन्यायिक विकासको वाटोमा अघि बढ्न योजनावद्ध र प्राथमिकताका आधारमा विकास

निर्माणका कामहरु हुनुपर्छ भन्नेमा गाउँपालिका प्रतिवद्ध छ । संघीय सरकारले अंगालेको “समृद्ध नेपाल सुखी नेपाली” भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रवाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्ग दर्शनका रुपमा ग्रहण गरेको छु ।

नेपालको संविधानको अधिनमा रही स्थापित मार्मा गाउँपालिका एक पृथक पहिचान बोकेको गाउँपालिका हो । यस स्थानीय सरकारलाई सार्थक, समृद्ध र सक्षम एवम् सवलिभुत वनाउन आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु।

आदरणीय दाजु भाई तथा दिदि बहिनीहरु,

अब म मार्मा गाउँपालिकामा कोभिड १९बाट परिरहेको प्रभाव एवम् बिदेश तथा मित्र राष्ट्र भारतबाट रोजगार गुमाई फर्किनु भएका दाजुभाई तथा दिदी बहिनी बेरोजगार समस्याका बिच पनि विकासका प्रमुख संभावना, अवसर, समस्या तथा चुनौतिहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु । प्राकृतिक, भौगोलिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, ऐतिहासिक, दृष्टिले गौरवको रुपमा रहेको गाउँपालिकाको आर्थिक, सामाजिक, मानवीय र भौतिक विकासको गति, लगानी अनुरुपको प्रतिफल तथा प्रभावकारीता बिश्व महामारीको रुपमा रहेको कोभिड १९ ले गर्दा अपेक्षाकृत बृद्धि हुन सकिरहेको छैन । गाउँपालिकालाई कृषि, पर्यटन उद्योग तथा पूर्वाधारको माध्यमबाट समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न सकिने संभावना रहेकोछ । यस गाउँपालिकाका राजनीतिक दलहरु लगायत सम्बन्धित सरोकारवालाहरुबाट यस विषयमा विश्वास र प्रतिवद्धता समेत व्यक्त हुँदै आएको छ । गाउँपालिकाको विकासको विगतका प्रयास तथा उपलब्धीहरुको मूल्याङ्कन गर्दा गाउँपालिकाको समष्टिगत सामाजिक, आर्थिक विकास सम्बन्धी विविध सम्भावना, अवसर, समस्या तथा चुनौतिहरु यस प्रकार रहेका छन् ।

**उपस्थित महानुभावहरु**

## अब म चालु आर्थिक बर्ष सम्मका नीति तथा कार्याक्रमहरुको समीक्षा प्रस्तुत गर्न चाहन्छु

- कृषिजन्य तथा गैह्रकृषिजन्य उद्यम व्यवसाय समेत स्थापना गरी रोजगारीका अवसर श्रृजना भएकोछ,
- कृषि तथा पशुपक्षी क्षेत्रको व्यवसायिकीकरण गर्न तरकारी फलफुल पकेट क्षेत्र निर्धारण गरी कृषि आधुनिकीकरण गर्ने प्रयास भएकोछ
- वडा नं. १, ५ र ६ लाई बाखापालान पकेट क्षेत्र निर्धारण गरी व्यसायिक बाखापलन संचालन गर्न सफल भईएको छ ।
- गाउँपालीका क्षेत्रको बहुबर्षिय खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गरिएको छ ।
- सामाजिक परिचालन प्रक्रिया मार्फत आर्थिक सामाजिक कृयाकलाप संचालन गरिएकोछ
- विद्यमान शिक्षा प्रणालीमा सुधार गर्दै शिक्षा क्षेत्रलाई व्यवसायिक, प्राविधिक, रोजगारमूलक र नतीजामूखी शिक्षा बनाउने नीति अन्तरगत प्राविधिक शिक्षालय संचालन गरिएको छ ।

- मार्मा गाउँपालीका अन्तर्गतका सामुदायिक विद्यालयहरुको आधारभूत तहमा अंग्रेजी भाषामा पठनपाठनका गर्ने प्रयास गरिएको छ ।
- यस गाउँपालिका अन्तरगतका विद्यालयहरुमा शैक्षिक गुणस्तर सूधार कार्यक्रम अन्तरगत बिषयगत शिक्षक व्यवस्थापन गरिएकोछ
- यस गाउँपालीका अन्तरगतका प्रत्येक माध्यमिक तहका विद्यालयहरुमा आधुनिक विज्ञान प्रयोगशाला, पुस्तकालय, ईन्टरनेट सुविधायूक्त सूचना केन्द्र व्यवस्थापन गरिएको छ ।
- स्वास्थ्य संस्थाहरुमा संचालित बर्थिङ्ग सेन्टरहरुको गुणस्तर र सेवा प्रवाहमा अभिबृद्धि गरिएको छ ।
- मार्मा गाउँपालीकाको जल उपयोग गुरुयोजना अनुसार गाउँपालिकाको सबै बस्तीहरुमा स्वच्छ खानेपानी व्यवस्थापनको लागि एक घर एक धारा अनुसार खानेपानी व्यवस्थान गर्ने प्रयास गरिएकोछ ।
- गाउँपालीका स्तरीय खेल मैदान (रङ्गशाला) निर्माण गर्न डि.पी.आर. तयार गरी खेल मैदान निर्माण गर्ने कार्य प्रारम्भ भएको छ ।
- पर्यटकीय क्षेत्रको विकासका लागि पर्यटकीय क्षेत्र पहिचान गरी ट्रचाङ्कि रुट र हिल क्लाईम्बिङ स्थल निर्माण गर्न पहल गरिएको छ ।
- उज्यालो मार्मा गाउँपालिका निर्माण गर्ने नीति अन्तरगत मार्मा गाउँपालिकालाई पूर्ण विद्युतीकरण गर्ने कार्य लक्ष हासिल भएको र तिब्र रुपले अगाडी बढेको छ ।
- भैसेबगड शेरी सडक निर्माण कार्य संचालनमा रहेको छ ।
- पारीबगर बभ्फांग जोडने सडकको कार्य प्रगतिमा रहेको छ ।
- घट्टेगाड र नौगाडमा सडक पूल निर्माण कार्य स्वीकृत भई कार्यान्वयन प्रक्रियामा रहेको छ ।
- अपी हिमाल पर्यटकीय मार्ग बिटुले–पारीवगर सडक खण्ड स्तरोन्ति गरी संचालनमा ल्याउने प्रयास भएको छ ।
- वडा नं. ४, वडा नं. ५ र वडा नं. ६ का वडा कार्यालयहरु हुदै नौगाड गाँउपालिका जोड्ने सडकको रुपमा रहेको तपोवन–सित्तोला–शेरी निम्ठा हुदै बिनायक जोडने सडक प्रदेश र संघीय सरकार संगको समन्वयमा कार्यान्वयनमा रहने छ ।
- तपोवन मुरै निम्ठा हुँदै नौगाड जोडने सडक निर्माण कार्य भई रहेको छ,।
- **हरियाली मार्मा गाउँपालिकाको** अवधारण अनुसार सार्वजनिक जग्गाको पहिचान गरी सामुदायिक वन व्यवस्थापन गर्न प्रयास भएको छ ।
- जैविक विविधताको संरक्षण गर्न एग्रो–फोरेष्ट्रिका कार्यक्रम संचालन गरी सम्पूर्ण वन जङ्गलहरुको संरक्षण तथा सम्बर्द्धन गरिएको छ ।
- कृषि आधुनिकीकरण तथा दिगो जडीबुटी अन्तरगत जडीबुटी र गैह्र काष्ठ वनपैदावारको दिगो व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।
- वातावरणीय संरक्षण, जलवायु परिवर्तन तथा अनुकुलन र पानीका श्रोत संरक्षण गर्न दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिएको छ ।
- फोहरमैला व्यवस्थापनको लागि फोहरमैला उत्पादनमा न्यूनीकरण, पुनःप्रयोग तथा प्रशोधन गर्ने 3-R (Reduce, Reuse & Recycle) नीति अबलम्बन गरिने छ ।

- गाउँपालीका स्तर तथा वडा स्तर बाट प्रवाह हुने सेवा प्रभावकारी बनाउन प्रत्येक सार्वजनिक निकायमा यथाशिघ्र विद्युतीय हाजिर प्रणाली र सीसी क्यमेरा जडान गरी सेवा प्रवाह गरिएको छ ।
- गाउँपालीकाको बिस्तृत विवरण सहितको गाउँपालीका पार्श्व–चित्र (Rural Municipality Profile) को प्रकाशनमा सरोकारवालाहरुको पहुँच सनिश्चित गराईने छ ।
- गाउँपालीकाबाट तयार गरीएका गुरु योजना, रणनैतिक योजना, आवधिक योजना, बार्षिक योजना, गाउँपालीका पार्श्व–चित्र लगायत अन्य प्रकाशनहरुमा सरोकारवालाहरुको पहुँच सुनिश्चित गर्न प्रकाशनहरुलाई डिजिटलाईजेशन गर्ने कार्य भईरहेकोछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा पञ्जीकरण लगायत गाउँपालीका क्षेत्र भित्रका सार्वजनिक निकायहरु मार्फत प्रवाह गरिने सेवाहरु सेवाग्राही मैत्री बनाउन Online System माफर्त संचालन गर्ने व्यवस्था मिलाई E-governance को प्रत्याभूति गराउने व्यवस्था मिलाईने छ ।
- सामाजिक सूरक्षाको प्रभावकारी वितरण प्रणाली अनुसार घरघरमा उपलब्ध गराउनुका साथै बैंङ्किङ प्रणाली मार्फत वितरण गर्ने प्रयास गरिएको छ ।
- यस गाउँपालिकाको सम्पुर्ण क्रियाकलापहरु संचार माध्यम बाट समेत प्रकाशन तथा प्रसारण गरी गाउँपालीकाको सेवा प्रवाहको पारदर्शि बनाईनुका साथै नागरिक वडापत्र, सार्वजनिक सुनवाई जस्ता क्रियाकलाप समेत संचालन गरी पारदर्शिता कायम गरिएको छ ।
- आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलापहरुको समाजिक परिक्षण, सार्वजनिक सुनवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शुन्य बेरुजु कायम गर्ने नीति अबलम्बन गरिएको छ ।

उपस्थित महानुभावहरु

स्थानीय तह निर्माण पश्चात स्थापित मार्मा गाउँपालिकाको सातौं गाउँ सभामा यस गाउँपालिकाको **“जलस्रोत, जडीबुटी एवम् पर्यटन पुर्बाधारको विकास, समग्र मार्मा गाउँपालिकाको समृद्धी र विकासमा हाम्रो प्रयास”** सहितको दिर्घकालीन सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## क) आर्थिक विकास

१) कृषिको आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायिकरण गरि उत्पादन र उत्पादकत्व बृद्धिमा जोड दिईने छ ।

२) ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनासंगको साझेदारीमा खानेपानी योजना संचालन क्षेत्रमा घरबारी व्यवस्थापन गरि घरधुरीहरुको पोषण अवस्था सुधारका लागी संचालित कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३) गाउँपालिका भित्र हावापानी, माटो र पर्यावरणीय अनुकुताका आधारमा फलफुल तथा तरकारी खेतीलाई बिशेष प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिदै “एक वडा एक बहुउद्धेशीय नर्सरी” अन्तर्गत उत्पादित

बिरुवा सबै वडाहरुमा प्रसारण गर्ने साथै फलफूलमा आत्मनिर्भर हुन र बाँझो जमिन समेतको सदुपयोग हुने गरि बिरुवाहरु प्रसारण गरिनेछ ।

४) सामुहिक व्यवसायिक कृषिको माध्यमवाट निर्यातमुलक उत्पादनमा बृद्धी गरि स्वरोजगार सिर्जना गरिने छ

५) गाउँपालिका क्षेत्र भित्र पहिचान भएका कृषि पकेट क्षेत्रहरुमा कृषि पेशालाई आधुनिकरण गर्न आवश्यक लगानी गरिने छ साथै घरधुरी स्तरको पोषण सुधार र आयआर्जनका लागी सरोकारवाला निकायहरुसंगको साझेदारीमा कार्यक्रमहरु लागु गरिने छ

६) गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटीको आधुनिक खेती प्रणाली संचालन तथा व्यवस्थापनलाई निरन्तरता दिईने छ,

७) गाउँपालिका क्षेत्रको बहुबर्षिय खाद्य सूरक्षा प्रतिकार्य योजना संघीय सरकार, प्रदेश सरकार तथा अन्य साझेदार संस्थाहरुको सहकार्यमा कार्यान्वयन गरिनेछ,

८) समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक कारोबारको आधारमा कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्य यसै बर्षबाट आरम्भ गरिनेछ ।

९) स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ

१०) खानेपानी सरसफाई स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११) फलफूल बालीको उत्पादन बढाउन ओखरको लागि वडा नं. १ ताकु, वडा नं. ३ दुनी बग्जेबाला, वडा नं. ४ बार्कु, वडा नं. ६ परिवन, सुन्तलाजात फलफूलको लागि वडा नं. ६ मेल्विसा, तिम्लाडेरा, वडा नं. २ थलामा तथा गाउँपालिकाको जीविकोपार्जन कार्यान्वयन योजनाले औल्याएका क्षेत्रमा लगानी गरिने छ ।

१३) गाउँपालिका क्षेत्रको केरा जन्य उत्पादन सम्भावनालाई ध्यान दिदै केराजन्य परिकार सहितको लघु व्यवसाय स्थापनामा उद्यमीसंग साझेदारी कार्यक्रम संचालन गरिने छ।

१४) गाउँपालिकाका नमुना गाउँ लक्ष्य राखिएका क्षेत्र तथा अन्य सम्भावित क्षेत्रमा कृषक साझेदारी कार्यक्रम गरि प्लाष्टिक घरमा व्यवसायिक तरकारी खेती गर्न प्रोत्साहित गर्ने साथै उत्पादनलाई बडावा

दिई बजारसम्म उत्पादन पुऱ्याउने र कृषकका हातमा नगद पुऱ्याई जिविकोपार्जनमा थप टेवा दिने कार्यलाई प्राथमिकताका साथ संचालन गरिने छ ।

१५) गाउँपालिका क्षेत्रमा हाट बजार स्थापना गर्ने, कृषि मेला,प्रदर्शनी, उत्कृष्ठ कृषक र व्यवसायीलाई पुरुष्कृत गर्नका लागी बजेट बिनियोजन गरि कार्यान्वयन गरिने छ।

१६) पशुपंक्षीपालनको व्यवसायिकीकरण र विस्तारिकरण गरी पशु(पंक्षीजन्य उत्पादनमा बृद्धि गराई निकासी प्रक्रियामा प्रोत्साहन दिने नीतिलाई निरन्तरता दिईने छ।

१८) परम्परागत एवं निर्वाहमुखी पशु पंक्षी पालन लाई व्यवसायिकरण गर्दै गाउँ पालिकालाई विशेष क्षेत्र उत्पादनमा आत्म निर्भर बनाउने पशु जन्य पदार्थको निर्यात गर्ने कार्यलाई निरन्तरता दिईने छ । पशुको आहारा तथा ब्यवस्थापनमा सुधार गरिने छ । स्वच्छ उत्पादन स्वस्थ जिवनको निती अपनाईने छ । एकल महिला ग्रामीण कुखुरा प्रबर्द्धन कार्यक्रमलाई ल्याईने छ । स्थानीय परम्परागत ब्यवसायलाई आधुनिकीकरण प्रबिधि हस्तान्तरण गरिने छ ।

१९) किसानको लागत मुल्य प्राप्ती सुनिश्चितताका लागी गाउँपालिका भित्र बाली तथा पशु-पंक्षी बिमामा जोड दिई कृषकहरुलाई पेशामा निरन्तरता तथा सुरक्षणका लागी गाउँपालिका कृषी तथा पशु शाखाको अग्रसरतामा सम्बन्धित बिमा कम्पनीहरुसंग निरन्तर पहल गरिनेछ ।

२०) पशु पंक्षी उत्पादक कृषक समुह, निजी फर्म समुदायमा उधमी ब्यवसायिकलाई वस्ती स्तर बाट एकिकृत प्राविधिक सेवा,उन्नत नश्ल, ब्यवस्थापन सुधार तथा स्वोरोजगारको सृजना गर्ने कार्यलाई निरन्तरता दिईने छ।

२१) पशु पक्षीं लाई क्षेत्र, भौगोलिक, स्रोत साधन अनुसार ब्यवसाय सन्चालन गर्न समुह समिति तथा सहकारी मार्फत बाखा प्याकेज तथा भेडा विकास कार्यक्रम ब्यवस्थापन तथा स्वोरोजगारमा आवद्ध गराउने कार्यलाई थप ब्यवस्थित गरिने छ ।

२२) स्थानीय पशुबस्तुको विशेषतालाई विशेष ध्यान दिदै स्थानीय जातको पशु पक्षीं पालनलाई प्राथमिकतामा राखिने छ ।

२३) चमेलिया तथा सहायक नदि लगायत क्षेत्रमा ब्यवसायिक माछा पालन गर्न ईच्छुक किसानलाई सरोकारवाला संगको सहकार्यमा अनुदान उपलब्ध गराई ब्यवसाय संचालन गर्ने नीति अवलम्बन गरिएको छ।

२४) अन्डा, दुध र मासुमा आत्मनिर्भर गाउँपालिका विकास गर्न कुखुरा तथा गाई फर्म स्थापना कार्य लाई निरन्तरता दिईने छ ।

२५) पशु सेवा प्रसार कार्यक्रमको तर्जुमा कार्यान्वयन अनुगमन र मुल्याङकन कार्यलाई थप प्रभावकारी र सशक्त वनाईने छ ।

२६) स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम हरुको प्रबर्द्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरि उत्पादित बस्तुहरुको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रम तथा बजेटको व्यवस्था गरिने छ ।

२८) कृषि क्षेत्रमा बाली बिमा लगायत स्वास्थ्य विमा र पशु–पंक्षीमा समेत लागु गर्न सम्बन्धित निकायमा निरन्तर पहल गरिनेछ

२९) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमलाई प्रत्यक्ष विकाससंग जोडेर जनताको सिप, क्षमता र योग्यता अनुसार रोजगारीको खोजीमा रहेका तथा बाहिरबाट रोजगारी गुमाएर फर्कि आउनु भएका व्यक्तिहरुको सिपको बिवरण समेत रोजगार सुचना केन्द्रमा अद्यावधीक गरि त्यस्तो व्यक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण, सेवा व्यवसाय, उद्योग कृषि लगायतका क्षेत्रका रोजगारदाता संग समन्वय गरि रोजगारी प्रदान गर्ने सहजीकरण गर्ने व्यवस्था मिलाईने छ ।

३०) कम्तीमा एक वडा एक सहकारीको अवधारणालाई टेवा पुऱ्याउन समुदायमा आधारित संस्थाहरुलाई वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरुसंग जोडदै सहकारी संस्थाहरुको व्यवस्थापनमा जोड दिईनेछ साथै लघु वित्त तथा वित्तीय संस्थाहरुलाई मार्मा गाउँपालिका क्षेत्रमा स्थापनाका लागी कार्यान्वयनमा रहेको छ ।

३१) गाउँपालिकाको आन्तरिक आय स्वावलम्बन पार्न कर तथा राजश्व संकलनका क्षेत्रहरु पहिचान, व्यवस्थापन र विकास गर्ने नीतिलाई निरन्तरता दिईएको छ साथै नदी जन्य निर्माण सामग्रीहरु (ढुङ्गा, गीट्टी, बालुवा) को उत्खनन तथा प्रयोगलाई अझै व्यवस्थित गरिने छ ।

३२) घरेलु तथा साना उद्योग विकास र व्यवसायीक क्षमता विकासमा आवश्यक प्रोत्साहन गरिने छ साथै स्थानीय उत्पादनको उपभोग, वितरण तथा निकासी नीतिलाई निरन्तरता दिईएको छ। चालु आर्थिक बर्षमा स्थानीय स्तरमा पाईने जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना साथै च्युउरी प्रशोधनजन्य उद्यम स्थापना गर्ने लक्ष्य लिईएको छ ।

३३) महामारीको रुपमा फैलिएको कोभिड १९ का मित्र राष्ट्र भारत लगायत अन्य क्षेत्रबाट रोजगारी गुमाइ गाउँपालिका फर्कि आएका व्यक्तिहरुको अभिलेख तयार गरी उक्त अभिलेख भित्र रहेका लगायत विपन्न बेरोजगारहरुको लागि अध्यक्ष रोजगार कार्यकमको कार्यविधि तयार गरी कर्यान्वयन गर्ने नीति अबलम्बन गरी स्थानीय रोजगारी श्रृजना गरिनेछ,

३४) बेरोजगारी गरीबी र कोभिड १९ को महामारीबाट आकान्त नागरिकलाई तत्काल राहत पुग्ने गरी कामको लागि पारिश्रमीक वा कामकोलागि खाद्यान्न सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

## ख) सामाजिक विकास

१) आधारभूत तहको शिक्षालाई सुदृढीकरण गर्दै कक्षा १२ सम्मको निःशुल्क शिक्षामा सम्पुर्ण बालबालीकाहरुको पहुँच सुनिश्चितालाई निरन्तरता दिईनेछ ।

२) विद्यमान शिक्षा प्रणालीमा सुधार गर्दै शिक्षा क्षेत्रलाई व्यवसायिक, प्राविधिक, रोजगारमूलक र नतीजामुखी शिक्षा बनाउन बिद्यालयहरुको भौतिक पुर्बाधारहरुमा क्रमशः सुधार एंव बिस्तार गरिने नीति अवलम्बन गरिने छ।

३) सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर सुधारका लागि नियमित अनुगमनका साथै उत्कृष्ट बिद्यालय, प्रधानाध्यापक, शिक्षक लाई सम्मान गर्ने कार्यक्रम संचालन गरिने छ । साथै दरबन्दी मिलान, शिक्षक बिद्यार्थी अनुपातमा आधारित भौतिक संरचना, क्षमता अभिबृद्धी कार्यक्रम लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।

४) हाल संचालित आधारभुतहका विद्यालयहरुमा आवश्यक दरवन्दी व्यवस्थापन गर्न पहल गर्नुका साथै बाल विकास केन्द्र स्थापना हुन नसकेका विद्यालयहरुमा यथाशिघ्र बाल विकास केन्द्र स्थापना गर्न पहल गरिनेछ साथै गत आ.ब. देखी संचालित शैक्षीक क्षेत्र सुधार कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५) गाउँपालिका क्षेत्र भित्र स्थापना भई संचालनमा आएका बाल विकास केन्द्रहरुमा शैक्षीक वातावरणमा टेवा पुऱ्याउन आवश्यक शैक्षिक तथा अन्य सामाग्रीहरु वितरण गरिने छ।

६) गाउँपालिका भित्र व्यावसायिक तथा प्राविधिक शिक्षा अध्ययनको लागि प्राविधिक शिक्षालय संचालनका साथै उच्च शिक्षा संचालनको समेत व्यवस्था मिलाईने छ ।

७) लटिनाथ क्याम्पसको शैक्षिक तथा भौतिक अवस्था सुधारका लागि आवश्यक बजेट ब्यवस्था सहित कार्यान्वयन गरिने छ।

८) दलित, विपन्न, सहारा बिहीन  सीमान्तकृत तथा लोपोन्मुख समुदायका जेहन्दार बालबालिकाहरुलाई उत्साहित गर्न स्थापित शहिद छात्रवृति विकास कोष लाई निरन्तरता दिईने छ साथै पोशाकको ब्यवस्था गरिने छ ।

९) खेलकुद क्षेत्रमा गाउँपालिकाको पहिचान बनाउन तथा क्षेत्रगत विकास गर्न खेलकुदको क्षेत्रमा रहेका प्रतिभाहरुहरुलाई हौसला एवम सम्मान कार्यक्रमलाई निरन्तरता दिईने छ साथै गाउँपालिका क्षेत्रका सामुदायिक माध्यमिक बिद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्ये एक बिद्यालय एक खेल शिक्षक नियमित खेलकुद तथा अतिरिक्त क्रियाकलापहरु लाई निरन्तरता दिईने छ । साथै प्रत्येक बस्ति हरुमा पायक पर्ने केन्द्रहरु निर्धारण गरी अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ ।

१०) यस गाउँपालिका अन्तर्गतका प्रत्येक माध्यमिक तहका विद्यालयहरुमा आधुनिक विज्ञान प्रयोगशाला, पुस्तकालय र इन्टरनेट सुविधायुक्त सूचना केन्द्र स्थापना, व्यवस्थापन र छात्रावास निर्माणको लागि सम्बन्धित प्रदेश, संघीय सरकार तथा सरोकारवाला निकायहरुसंग निरन्तर पहल गरिनेछ ।

११) **“ हाम्रा बाबु हाम्रा नानी आफैले नै बनाउछौं ज्ञानी ”** कार्यक्रम संचालन गरि कक्षा १ देखी ३ का बाल बालिकालाई अभिभावकको दैनिक २ घण्टा समय उपलब्ध गराउने कार्यलाई अभियानका रुपमा संचालन गरिने छ ।

१२) प्रत्येक बिद्यालयमा वातावरणीय स्वच्छता कायम गर्न **हरियो बिद्यालय** कार्यक्रम संचालनमा ल्याईनेछ ।

१३) प्रत्येक बिद्यालयमा गुनासो सुन्ने ब्यवस्थाका लागी अनिवार्य रुपमा गुनासो पेटीकाको ब्यवस्था गरिने छ ।

१४) सरसफाई शिक्षण सिकाईको आधार भएकोले प्रत्येक बिद्यालयमा साबुन पानीले हात धुने र पानीको उचित ब्यवस्थापन गरिनेछ साथै गुणस्तरीय दिवाखाजा उपलब्ध गराइने छ ।

१५)गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख बनाउन सार्बजनिक स्थल, मठमन्दीर, विद्यालयहरुमा “खानेपानी सरसफाई, स्वच्छता र वातावरणीय सुधार कार्यक्रम” संचालन गरिने छ । उक्त कार्यक्रम अन्तरगत सार्बजनिक स्थल, मठमन्दीर, विद्यालयहरुमा स्वच्छ खानेपानी तथा शौचालयहरुको निर्माण तिनतारे मोडेलमा गरिने छ ।

१६) उपभोक्ताहरुको उपभोग्य सामाग्रीहरुको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई सयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार ब्यवस्थापन सुधार गर्ने प्रकृया लाई निरन्तरता दिईने  छ ।

१७)गाउँपालिका क्षेत्रका जलश्रोतहरुको समुचित ब्यवस्थापनका लागी जलउपयोग गुरुयोजना निर्माण गरिएको छ । र गुरुयोजना अनुसार गाउँपालिकाका सबै बस्तीहरुमा साझेदार निकायहरुको समन्वयमा क्रमशः स्वच्छ खानेपानी व्यवस्थापन गरिनेछ, साथै मुहानमा पानीको मात्रा प्रयाप्त उपलब्ध भएको क्षेत्रमा घर घरमा धारा सहितको निजी धारा प्रणाली लाई निरन्तरता दिईने छ।

१८)  स्वच्छ खानेपानी सेवा सुनिश्चित गर्न चालु आ.ब. भित्रमै गाउँपालिका क्षेत्रमा पानी परिक्षण प्रयोगशाला स्थापना गरिने कार्यक्रम रहेकोमा महामारी कोरोना कोभिड १९ ले गर्दा उक्त कार्यक्रम आगामी आ.व.मा सारिएको छ । साथै खानेपानी योजनाहरुमा अनिवार्य पानी सुरक्षा योजनालाई निरन्तरता दिईएको छ ।

१९)नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा  बिद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२०) गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

२१ ) नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०७८।०७९को अन्त तिर गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्ने लक्ष बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

२२) विकासमा अन्तरक्षेत्रीय सवालहरुलाई मुलप्रभाविकरण गर्न जस्तै जलवायु परिवर्तन अनुकुलन, विपद तथा जोखिम व्यवस्थापन, खाद्य तथा पोषण सूरक्षा, लैङ्गिक समावेशीकरण तथा सामाजिक समावेशीकरण, वातावरण मैत्री स्थानीय शासन, बाल मैत्री स्थानीय शासन, भिन्न क्षमता भएका( अपाङ्ग) मैत्री अनुकुलित कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ।

२३) १८) खेलकुद क्षेत्रको विकासलाई प्रभावकारी बनाउन लटिनाथ मन्दिर खेल मैदानको स्तरोन्नतीका साथै सरसफाई संरचना निर्माणका लागी आवश्यक ब्यवस्था गरिने छ । वडा नं. ४ मडबगडमा रहेको खेल मैदन निर्माण कार्य संघीय सरकारको सहयोगमा कार्यान्वयनमा जोड दिईने छ ।

२४) गरीबी न्यूनीकरण, महिला र आदिवासी जनजाति दलित एकल महिला र अशक्त तथा भिन्न क्षमता भएका व्यक्तिहरुको क्षमता अभिबृद्धि गर्न साथै सहज जीवनयापनका लागि तालीम अभिमुखिकरण जस्ता बिशेष कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ साथै गरिव पहिचान कार्यक्रमलाई समेत चालु आ.ब.मा निरन्तरता दिइने छ ।

२५) गाउँपालिका भित्रका भौतिक पुर्बाधार क्रियाकलापहरुलाई अझै गुणस्तरिय बनाउन गाउँपालिका भित्र काम गर्दै आएका मिस्त्री दक्ष कामदारलाई सम्वन्धित तालिमदाता साझेदार निकायहरुको समन्वयमा भुकम्प प्रबिधी संरचना निर्माण लगायतका तालिम प्रदान गरि क्षमतावान बनाईने छ ।

२६) गाउँपालिका भित्रका श्रमीकहरुको पेशाको सम्मानको वातावरण निर्माण गर्न गाउँपालिकाबाट निर्माण हुने भौतिक पुर्बाधारमा स्थानीय श्रमीक परिचालनमा प्राथमिकता दिईने छ ।

२७) गाउँपालिकालाई बालश्रम मुक्त घोषणा कायम गर्न बालश्रम पूर्ण रुपमा बन्देज र दण्डनिय बनाउन बालक्लबहरुलाई अभिमुखिकरण तालिमहरु प्रदान गरि परिचालन गरिने छ।

२८) सामाजिक सुरक्षा कार्यक्रमलाई अझै प्रभावकारी बनाउन घरघरमा सेवा उपलब्ध गराउनुका साथै वित्तीय संस्थाहरु संगको समन्वयमा बैंङ्कीङ प्रणाली मार्फत वितरण गर्न आवश्यक पहल गरिनेछ।

२९) सरकारी तथा गैह्र सरकारी संस्थाहरुबाट सम्पादन गरिने कार्यहरुलाई अझै प्रभावकारी बनाउन संस्थाहरु बिचको समन्वयात्मक बैठकहरु चालु आ.ब. देखी निरन्तर आयोजना गरिने छन् साथै सेवा प्रवाह प्रक्रियालाई व्यवस्थित गर्न एकिकृत योजना तथा एकद्वार प्रणाली लागु गरिने छ।

३०) गाउँपालिका कार्यालय, वडा कार्यालयहरुमा इन्टरनेटको पँहुचलाई अझै व्यवस्थित गरिने छ साथै नेपाल टेलिकम संगको समन्वयमा गाउँपालिका क्षेत्र भित्र संञ्चार सेवालाई अझै व्यवस्थित गर्न पहल गरिने छ।

३१) विभिन्न कालखण्डमा संचालन भएका जन-युद्ध तथा जन-आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदायका कार्यक्रमहरु उच्च प्राथमीकताका साथ कार्यान्वयनलाई चालु आ.ब.मा समेत निरन्तरता दिईने छ ।

३२) बेरोजगारी गरीबी र कोभिड १९ को महामारीबाट आक्रान्त नागरिकलाई तत्काल राहत पुग्ने, गरीबी न्यूनीकरण गर्ने र स्वास्थ्य सुरक्षा प्रदान गर्ने कार्यक्रमलाई प्रमुख प्राथमीकतामा राखिनेछ ।

३३) हाल महामारी को रुपमा रहेको कोभिड १९ कोरोनाका कारण आई परेको समस्या संग जुध्न अर्थात लडाई जित्न यसको रोकथाम एवं नियन्त्रणमा जोड दिईनुका साथै कोभिड १९ कोरोना रोगको रोकथाम तथा नियन्त्रणमा कोभिड १९ संक्रमित नागरिकहरुको उपचारको लागि छुट्टै आईसोलेशन वार्ड सहितको स्वास्थ्य संचरना तयार गर्ने र अझै व्यवस्थित क्वारेन्टीन संचालन तथा व्यवस्थापन प्रक्रियालाई निरन्तरता दिईनेछ ।

३४) कोभिड १९ कोरोना रोगको रोकथाम तथा नियन्त्रणकोलागि स्थापना भएको प्रकोष व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गरीने छ ।

**३५)** संक्रमण जोखीम रहँदा सम्म अशक्त असहाय एवं आर्थिक रुपले बिपन्न गर्भवती महिला ज्येष्ठ नागरिक एवं अपांगता भएका ब्यक्तिहरुका लागी राहत कार्यक्रम संचालन गरिने छ ।

३६) कोभिड १९ को समयमा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क पञ्जा सेनीटाइजर पिपिई) हरुको अभाव नहुने गरी ब्यवस्था मिलाईनेछ ।

३७) कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता बिकास तथा जनचेतनामुलक कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३८) एम्बुलेन्स, सवारी यातायतका अन्य साधन जस्ता सेवालाई चौबिसै घण्टा संचालन हुने गरी ब्यवस्था मिलाईने छ । डिप्रेशन हुन सक्ने बिद्यार्थी, एकल, गर्भवती महिला,ज्येष्ठ नागरिक अपांग भएका ब्यक्तिहरुलाई डिप्रेशनमा परेका ब्यक्तिहराई आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिने छ ।

३९) महिला स्वयंसेबिकाहरुको क्षमता अभिबृद्धि गरि बर्थिङ. सेन्टरबाट प्रदान गरिने सेवाहरुलाई पनि प्रभावकारी बनाईनुका साथै बिशेषज्ञ स्वास्थ्य शिविरको आयोजना गरी स्वास्थ्य सेवा उपलब्ध गरिने छ ।

४०) गाउँपालिका क्षेत्र भित्र महिला तथा किशोरीहरुको स्वास्थ्य सुधार तथा सशक्तिकरणका लागी “सफा आमा स्वच्छ शिशु र उपाध्यक्ष किशोरी सशक्तीकरण तथा महिनावारी स्वच्छता कार्यक्रमलाई निरन्तरता दिईने छ । कार्यक्रमलाई गाउँपालिका क्षेत्रका बिद्यालयहरुमा लक्षित गरिने छ। महिनावारी स्वच्छतालाई प्रभावकारी बनाउन चालु आ.ब.मा उक्त कार्यक्रम अन्तरगत अन्य बिद्यालयहरुमा पनि भेण्डिङ्ग मेसिन जडान गरि कार्यान्वयनमा ल्याईने छ ।

४१) आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको सरल, सहज पहुँच सुनिश्चिताका लागी गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीहरुमा आवश्यक भौतिक व्यवस्थापन तथा दक्ष जनशक्ति व्यवस्थापन सम्बन्धित कार्यक्रमहरु संचालन गरिनेछ ।

४२) गाउँपालिकालाई कुपोषण मूक्त गरी पोषणयुक्त गाउँपालिका बनाउन साझेदार निकायहरुको समन्वयमा बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता दिईने छ ।

४३) गाउँघर क्लिनिक तथा खोप क्लिनिकबाट प्रदान गरिने सेवा अझै सुदृढीकरण गरिनुका साथै समय सापेक्ष गाउँपालिका भित्र स्वास्थ्य तथा योग शिविरहरु संचालन गरिनेछन् ।

४४) “गाउँपालिका अध्यक्षसंग ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सम्मान कार्यक्रम” कार्यक्रमलाई गाउँपालिकाका सबै वडास्तरमा संचालन गरिने छ । सो कार्यक्रमलाई प्रभावकारी संचालन गर्न गाउँपालिका क्षेत्रका बृद्ध बृद्धाहरु भेटघाट, सामग्री वितरण तथा स्वास्थ्य परिक्षण लगायतका क्रियाकलापहरु संचालनमा ल्याईनेछ ।

४५) मातृ शिशु स्वास्थ्यलाई प्रभावकारी बनाउन “उपरोक्त सफा आमा स्वच्छ शिशु कार्यक्रम”लाई सम्पुर्ण वर्थिङ केन्द्रहरुमा लागु गरिने छ । मातृशिशु स्याहारलाई उच्च प्राथमिकताका साथ स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई गाउँपालिकाको तर्फबाट दिईने प्रोत्साहन लाई निरन्तरता दिईने छ

## ग) भौतिक पुर्वाधार विकास

१) गाउँपालिकामा तयार गरिएको गाउँपालिका पार्श्वचित्रमा आधारित तथ्याङ्क, बिश्लेषणको प्रक्रिया अनुसार योजना छनोट गरी भौतिक संरचना तथा विकास पुर्बाधारहरु कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ,

२) गाउँपालिका अन्तर्गत संचालन हुने ठुला आयोजनाहरु संचालन गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरि सोही आधारमा संचालन गरिने छ । ठुला आयोजना संचालनको लागि संघ र प्रदेश सरकार संग निरन्तर पहल गरिने छ ।

३) भौतिक पुर्बाधारको विकास मार्फत गाउँपालिका बासीको जीवन शैली सरलीकृत बनाउन संघ तथा प्रदेश सरकार संग समन्वय, आन्तरीक स्रोत परिचालन, विभिन्न विकास साझेदारहरु बीच समन्वय र सहकार्य गरी पुर्बाधार विकासका कार्यलाई गतिशीलता प्रदान गरिनेछ।

४) गाउँपालिकाको जल उपयोग गुरुयोजना, जीविकोपार्जन कार्यान्वयन योजनाको मर्म अनुसार जलश्रोत र जीविकोपार्जन क्षेत्रमा साझेदार निकायहरुको सहकार्यमा निरन्तर कार्य गरिनेछ ।

५) गाउँपालिका भित्रका पहिचान भएका खेतीयोग्य जग्गा जमिनको लगत तयार गरि सिंचाई कार्यक्रम मार्फत आयआर्जन कार्यक्रमहरु संचालन गरिने छन् ।

६) बिटुले(पारीवगर सडक खण्ड स्तररोन्तति गर्न स्रोत व्यवस्थापन गरी उक्त सडक प्राथमीकताका साथ स्तररोन्ततिका लागी संघीय तथा प्रदेश सरकार संग पहल गरिनेछ ।

७) पारीवगर–ताकु–घोल्जर हुँदै परमचुला धार्मीक स्थल सम्म पर्यटकीय मार्गको रुपमा निर्माण गर्दै बझाङ जिल्ला जोडने सडकको निर्माणाधिन कार्य चालु आ.ब.मा समेत निरन्तरता दिईनेछ ।

८) वडा नं. ४, वडा नं. ५ र वडा नं. ६ का वडा कार्यालयहरु हुदै नौगाड गाँउपालिका जोड्ने सडकको रुपमा रहेको तपोवन–सित्तोला–शेरी निम्ठा हुदै बिनायक जोडने सडक प्रदेश र संघीय सरकार संगको समन्वयमा कार्यान्वयनमा रहने छ उक्त सडकलाई निरन्तरता दिईनेछ ।

९) लटिनाथ सार्सि बजानी दुनी हुदै बैतडी जोडने सडकलाई चालु आ.व.मा समेत निरन्तरता दिईनेछ ।

१०) उज्यालो मार्मा कार्यक्रमलाई चालु आ.ब.मा समेत निरन्तरता दिईने छ । ग्रामीण बिद्युत बिस्तारलाई बिधुत प्राबिधीकरणसंगको समन्वयमा मार्मा गाउँपालिकाका थप स्थानमा बिस्तार गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

११) मध्य चमेलिया (४० मेघावाट), घट्टेखोला आयोजनाको निर्माण कार्य शुरुवात क्रममा रहेको उक्त कार्यहरुलाई तीब्रता दिन गाउँपालिकाबाट सहज वातावरण निर्माण गरिने छ ।

१२) गाउँपालिकाका सबै घना बस्ती र सडक छेउछाऊ तथा बजार क्षेत्रमा व्यवस्थित बाटोघाटो र ढल निकासको व्यवस्थापनलाई निरन्तरता दिईने छ ।

१३) चमेलिया नदी र सो नदीका सहायक खोलाहरुमा रहेका जोखिम क्षेत्रहरुमा सम्वन्धित सरोकारवाला निकायहरुसंगको समन्वयमा नदी नियन्त्रण र जोखिम न्युनिकरण कार्यहरु संचालनका लागी पहल गरिने छ। रिल पहिरोको जोखिम न्युनिकरणका साथै रिल पहिरोबाट प्राप्त हुन सक्ने गिट्टीहरु संकलन र उपयोगलाई थप व्यवस्थापन गरिने छ ।

१४) गाउँपालिकाका बिभिन्न नदी र खोलाहरुमा आवत जावत सहज गर्न झोलेङ्गे पुल निर्माण कार्य प्राथमिकतामा राखिएको छ, चालु आ.ब.मा चौलानी नदी माथि कोपरे–शेरी र हडे–रातापानी झोलङ्गे पुल निर्माण कार्य निरन्तरता दिईनेछ ।

१५) भैसेबगर–शेरी, सिमार–पडपडा मोटरेवल पुल निर्माणका लागी संघीय सरकारसंग पहलमा कार्यान्वयन गरिनेछ ।

१६) प्रदेश सरकारसंग समन्वयमा घट्टेगाड र नौगाड खोलामा संचालन हुन गई रहेको मोटरेवल पुल निर्माण कार्यलाई निरन्तरता दिईने छ।

१७) गाउँपालिका भित्रका वडा कार्यालयहरु लगायत अन्य सेवा कार्यालयहरुको भौतिक संरचना सुधार र स्तरोन्नती लगायत नयाँ निर्माणका लागी प्रदेश तथा संघीय सरकारसंग समन्वयात्मक पहल गरिने छ।

१८) स्वास्थ्य सेवाबाट अझै पनि पहुँच नपुगेका दुर्गम बस्तीहरुको पहिचान गरि स्वास्थ्य इकाईहरु क्रमशः बिस्तार गर्ने नीति लिईएको छ।

२१) सार्वजनिक तथा नीजि भवन निर्माण गर्दा भवन निर्माण आचार संहितालाई लागु गर्ने कार्य थप व्यवस्थित गरिनेछ ।

## घ) संस्कृति प्रवर्द्धन तथा पर्यटन पुर्वाधार विकास

१) परमचुला धाम तथा लटिनाथ मन्दिर धार्मिक पर्यटन क्षेत्रलाई गुरुयोजना अनुसार चालु आ.ब.मा पनि निरन्तरता दिईने छ।

२) अपिहिमाल पर्यटकीय मार्गको रुपमा रहेको गोकुलेश्वर-बिटुले-पारीबगर क्षेत्रको लटीनाथ र गुल्जरमा व्यवस्थित पर्यटकीय आवास गृह निर्माण तथा व्यवस्थापनका लागी संघीय तथा प्रदेश सरकारसंग समन्वय गरि विकास गरिने छ साथै उक्त क्षेत्रलाई होमस्टेको विकास गरि स्थानीय संस्कृती झल्कने लगायतका क्रियाकलापका लागी संचालनको प्रयास निरन्तर गरिने छ।

३) आन्तरिक तथा बाह्य पर्यटनलाई बढावा दिन गाउँपालिका भित्र रहेका धार्मीक, पर्यटन स्थल, सास्कृतिक सम्पदा, मठ, मन्दिरहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नका लागी प्रचार प्रसार लगायत थप संस्कृती झल्काउने भौतिक पुर्वाधारहरुको विकास गरिने छ।

४) पर्यटकीय क्षेत्रको विकासका लागि पर्यटकीय क्षेत्र पहिचान गरी ट्रयाकिङ रुट र हिल क्लाईम्बिङ स्थल निर्माण गर्न पहल गरिनेछ साथै उक्त योजनाहरु सम्पादन गर्न साझेदार निकायहरुको खोजी तथा सहकार्य गर्ने नीति लिईएको छ।

५) स्थानीय भाषा, साहित्य, कला र मौलिक संस्कृतिको संरक्षण र सम्वर्धनमा निरन्तर जोड दिईनेछ।

६) स्थानीय समुदायमा रहेका पुर्ख्यौली सीप र साधनहरुको संरक्षण तथा सम्वर्धन गर्दै सम्बन्धित समुदायका युवा स्वरोजगारको माध्यमका रुपमा विकास गरिनेछ।

७) स्थानीय पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण सम्वर्धन र विकास गर्दै आन्तरिक तथा बाहय पर्यटन प्रवर्द्धनमा जोड दिई रोजगारका अवसर श्रृजना गर्न प्रोत्साहन गरिनेछ साथै पर्यटकीय क्षेत्र विकासका लागि सरकारी, नीजि तथा अन्य साझेदार निकायहरु बीच समन्वयात्मक भुमिकामा कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईने छ।

## ङ) वन वातावरण तथा विपद व्यवस्थापन

१) गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाको पहिचान गरी सो क्षेत्रको संरक्षण सम्वर्धन गर्न तथा पर्यावरणीय संन्तुलन कायम गर्न वृक्षारोपण सहित सामुदायिक वन व्यवस्थान गरी हरियाली मार्मा गाउँपालीको अवधारण कार्य निरन्तर लागु गरिनेछ।

२) जैविक विविधताको संरक्षण गर्न एग्रो–फोरेष्ट्रिका कार्यक्रम संचालन गरी सम्पुर्ण वन जङ्गलहरुको संरक्षण तथा सम्वर्धन कार्यलाई निरन्तरता दिईनेछ साथै सामुदायिक बन क्षेत्र विकास र बिस्तार गर्नुका साथै सार्बजनिक जमिनमा बृक्षारोपण अभियानात्मक रुपमा संचालन गरिनेछ।

३) कृषि आधुनिकीकरण तथा दिगो जडीबुटी अन्तरगत जडीबुटी र गैह्र काष्ठ वनपैदावारको दिगो व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ चालु आ.ब.मा जडीबुटी तथा गैह्र काष्ठ वनपैदावारहरुको नर्सरी स्थापना तथा प्रसारण गरिनेछ।

४) वातावरणीय संरक्षण, जलवायु परिवर्तन तथा अनुकुलन र पानीका श्रोत संरक्षण गर्न दिर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनेछ साथै पानीको पुनर्भरण गर्न तथा पानीका स्रोतहरु संरक्षणका लागी परम्परागत खाल तथा पोखरी संरक्षणमा जोड दिईने छ।

५) फोहरमैला व्यवस्थापनको लागि फोहरमैला उत्पादनमा न्यूनीकरण, पुनःप्रयोग तथा प्रशोधन गर्ने नीति अबलम्बन गरिनेछ साथै फोहोरमैला बिसर्जनको दीर्घकालनि समाधानका लागि डम्पीङ्ग साईट निर्धारण गरिने छ।

६) पूर्ण सरसफाइ युक्त गाउँपालिका निर्माणका लागि प्लाष्टिक जन्य झोलाहरुको प्रयोगलाई न्युनिकरण गर्न प्रोत्साहन गरिने छ ।

७) एक घर एक खाडल, एक चाङ तथा एक पसल एक डष्टविनको अवधारण अबलम्बन गरी स्वच्छ र सफा सुग्घर मार्मा गाउँपालिका बनाउन पहल गरिनेछ साथै पूर्ण सरसफाई युक्त गाउँपालिकाको लक्ष्य हासिल गर्न स्वास्थ्यकर्मीहरु तथा पूर्ण सरसफाई स्वंमसेवकहरु परिचालन गरिनेछ।

८) गाउँपालिका विपद् व्यवस्थापन कोष स्थापना गर्ने र गाउँ विपद्, जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना कार्यान्वयनमा ल्याईने छ ।

९) विपद ब्यवस्थापन, जलबायु परिवर्तन अनुकुन तथा जोखिम न्युनिकरणलाई उच्च प्राथमिकतामा राखी चालु आ.ब.मा सो सम्वन्धी कार्यबिधी निर्माण गरि योजनाहरुमा उक्त पक्षहरु सचेतताका साथ कार्यान्वयन गरिनेछ ।

## च) संस्थागत विकास, सेवा प्रवाह, वित्तीय व्यवस्थापन, सुशासन तथा पारदर्शिता

१) गाउँपालिका तथा वडा संचालन र व्यवस्थापनको लागि आवश्यक पर्ने जनशक्ति पहिचान सहित संगठनात्मक संरचना तयार गरी कार्यन्वयन गरिनेछ, साथै संघीय सरकारसंगको समन्वयमा गाउँपालिकामा आवश्यक पर्ने थप जनशक्ति ब्यवस्थापन चालु आर्थिक बर्ष भित्रै गर्ने लक्ष्य लिईएको छ ।

२) माग तथा आपुर्तिमा आधारित क्षमता विकासका क्रियाकलापहरुको पहिचान गराई क्षमता विकास योजना निरन्तर कार्यान्वयन गरिनेछन् ।

३) गाउँपालिका पार्श्वचित्रका तथ्याङ्कहरुलाई अद्यावधिक गर्दै लगिनेछ ।

४) गाउँपालिकाको आर्थिक, भौतिक, सामाजिक तथा मानवीय विकासको दीर्घकालीन सोच सहितको आवधिक योजना अद्यावधिक गर्ने प्रक्रियालाई निरन्तरता दिईनेछ ।

५) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही तथा पञ्जीकरण लगायत गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक निकायहरु मार्फत प्रवाह गरिने सेवाहरु सेवाग्राही मैत्री बनाउन अनलाइन सिस्टम ( Online system) मार्फत संचालन गर्ने व्यवस्था मिलाई ई–गभर्नेन्स (E-governance) को प्रत्याभूति गराउने व्यवस्था मिलाईनेछ,

६) गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक निकायहरु मार्फत प्रवाह गरिने सेवाहरुको कार्य सम्पादन मुल्याङ्कन गरी पुरष्कार तथा दण्ड प्रणाली अबलम्बन गरिनेछ सो कार्यलाई चालु आ.ब.मा समेत निरन्तरता दिईनेछ ।

७) गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गराई गाउँपालिकालाई समृद्ध बनाउन राजश्व परामर्श समिति मार्फत आन्तरिक आय तथा राजश्व संकलनका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने र वित्तीय अनुशासन कायम गर्ने नीति अबलम्बन गरिनेछ ।

८) वित्तीय अनुशासन कायम गर्न चालु आर्थिक बर्षमा तेश्रो पक्ष सार्बजनिक सुनुवाईलाई निरन्तरता दिईने छ।

९) गाउँपालिका मार्फत प्रवाह गरिने सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाईनुका साथै भ्रष्टाचार शुन्य शहनशीलताको नीति अबलम्बन गरी सुशासनको प्रत्याभूति गर्राईने छ ।

१०) आयोजनाहरुको दिगो विकास व्यवस्थापनका लागि गाउँपालिका र वडा स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिलाई थप क्रियाशिल गराई परिचालन गरिनेछ।

११) आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शुन्य बेरुजु कायम गर्ने नीति अबलम्बन गरिनेछ ।

१२) गाउँपालिका क्षेत्र भित्र संचालन हुने योजनाहरुमा अनिवार्य योजना सूचना पाटि योजना स्थलमा प्रकृयालाई निरन्तरता दिईने छ ।

१३) सूचनाको हक प्रत्याभुती दिन तथा सूचना सम्प्रेषणमा सहजताका लागी गाउँपालिका क्षेत्रमा स्थानीय एफ एम रेडियोहरुको सेवा बिस्तार गरिनेछ सोका लागी सामुदायिक रेडियोहरुसंगको साझेदारीमा एफ एम टावरहरु चालु आर्थिक बर्षमै निर्माण गरिनेछ।

१४) कार्यपालिकाको कार्यालय,वडा कार्यालय तथा बिषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सुचना प्रबिधी मैत्री बनाउनमा जोड दिईने छ ।

१५) कोभिड १९ को कारण कर तथा गैह्रकर राजश्वमा पर्न सक्ने असरलाई आँकलन गरि आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाईने प्रयास गरिने छ ।

१६) आर्थिक क्रियाकलापमा आएको संकुचन संगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी बित्त हस्तान्तरण राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यान दिदै लचकता सहितको उपयुक्त आकारको बजेट तर्जुमा  गर्ने प्रयास रहने छ ।

उपस्थित महानुभावहरु

स्थानीय तह पुर्नसंरचना पश्चात स्थापित मार्मा गाउँपालिकाको छैटौ गाउँ सभामा यस गाउँपालीकाको प्रस्तुत नीति तथा कार्यक्रम आर्थिक बर्ष २०७७/७८ मा संचालन तथा कार्यान्वयन गर्न राजश्व बाँडफाँड सहित आन्तरिक आम्दानी, गाउँपालिकाको कुल अनुदान, मातहतका कार्यक्रमहरु, बिषयगत निकायहरुको बार्षिक विनियोजित बजेट यस गरिमामय गाउँसभाको उदघाटन सत्र समक्ष प्रस्तुत गर्न गई रहेको छु ।

**उपस्थित महानुभावहरु,**

गाउँपालिकाको बजेट विनियोजनामा योजना तथा कार्यक्रमहरु छनौट गर्दा योजना प्राथमीकीकरणका तपसिलका आधार तथा मापदण्डहरु समेत निर्धारण गरी योजना प्राथमीकीकरण गरिने समेत जानकारी गराउन चाहन्छु ।

योजना प्राथमीकरणका आधार तथा मापदण्डहरु ,

- आर्थिक विकास र गरीबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने,
- राजश्व परिचालनमा योगदान दिने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशिकरणको अभिबृद्धि गर्ने,
- स्थानीय संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,
- जन–युद्ध तथा जन–आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदायलाई सहयोग पुर्‍याउने र
- बैदेशिक रोजगारीको शिलशिलामा नेपाल बाहिर रहेका र कोबिड-१९ का कारण मातृभूमि मार्मा गा.पा. फर्किएका नागरिकहरुलाई रोजगारी सिर्जना गर्न सहयोग पुर्‍याउने ।

**अन्त्यमा,**

मार्मा गाउँपालिकाको यस गरिमामय सातौं गाउँसभामा “स्वरोजगार र श्रम पहिचान, समृद्ध मार्मा निर्माणको अभियान” ले यस गाउँपालिकाको दीर्घकालीन सोँचलाई झनै टेवा पुग्नेमा बिश्वस्त छू ।

उपस्थित महानुभावहरु

परिवर्तित राज्य व्यवस्था अन्तरगत नेपालको संविधानले श्रृजित अधिकारहरु र तिनको कुशल कार्यान्वयन अभ्यास मार्फत समृद्ध गाउँपालिका निर्माणका लागि अवसरयुक्त र कोरोना रोगका महामारी बिरुद्धको लडाई जित्नु पर्ने चुनौतिपूर्ण घडिमा मार्मा गाउँपालिकालाई नमुना स्थानीय तहको रुपमा स्थापित गर्न यहाँहरु सबैको निरन्तर सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

साथै स्थानीय सरकार संचालन, निर्माण र आर्थिक, सामाजिक, भौतिक तथा मानवीय विकासका विविध पक्षहरुमा योगदान पुऱ्याउने हुने गाउँपालिकाका राजनीतिक दलहरु, समाज सेवी, बुद्धिजीवी, गैह्र सरकारी क्षेत्र, संचार जगत, राष्ट्र सेवक कर्मचारीहरु, यस गाउँपालिका बासी जनसमुदायहरु लगायत सम्पुर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद !!!**